मितिः २०८१/०५/०८

# <u>राजनितिक दल एकता घोषणा कार्यक्रम</u>

यस ऐतिहासिक राजनितिक दल एकता कार्यक्रमका आदरणीय सभापति महोदय, प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथि ज्यूहरू, विशेष अतिथि ज्यूहरू, अतिथि ज्यूहरू, एकिकृत पार्टीका सम्पूर्ण नेता ज्यूहरू, विभिन्न प्रदेश तथा जिल्लाबाट सहभागि हुनुभएका विभिन्न प्रतिनिधि ज्यूहरू, विभिन्न संघसंस्थाको प्रतिनिधित्व गरी पाल्नुभएका प्रधिनिधि ज्यूहरू, विभिन्न मिडिया मार्फत उपस्थित पत्रकार मित्रहरू, उपस्थित सम्पूर्ण शुभचिन्तकहरू, साथै सुरक्षाकर्मि मित्रहरू, आजको यस महत्वपूर्ण ऐतिहासिक कार्यक्रममा मेरो आफ्नो तर्फबाट यहाँहरू सबैलाई हार्दिक अभिवादन टक्र्याउन चाहन्छु ।

देशको राजनितिक व्यवस्थाको परिवर्तन गरी नागरिकलाई समान अधिकार दिलाई समग्र देशलाई विश्वका अरू देशहरू जस्तै विकास गर्न प्रत्यक्षरुपमा जनसहभागितामा विभिन्न कालखण्डमा कयौं पटक आन्दोलन गरी देशले १० वर्षे जनयुद्ध समेत सामना गर्नुपरेको कुरा सबैलाई अवगत नै छ । २०६२/६३को जनआन्दोलन पश्चात प्राप्त शान्ति सम्झौतालाई दिर्घकालिन स्थायित्व दिनको निम्ति संविधान सभा मार्फत नयाँ संविधान जारी गर्न पनि विभिन्न झालझेल गरी पटकपटक संविधान सभाबाट संविधान निर्माण गर्ने काममा समेत आल्टाल गर्दै भएपनि २०७२ सालमा शान्ति सम्झौताको १० वर्ष पश्चात नयाँ संविधान जारी गर्यो । धेरै लामो संघर्ष बाबजुत प्राप्त संविधानले जनताले आसा गरेका महत्वपूर्ण कुराहरू जस्तै नेपाल एक भौगोलिक विविधता, जातिय एवं भाषा, संस्कृति, धार्मिक विविधता रहेको धर्म निरपेक्षता सहितको लोकतान्त्रिक गणतन्त्र राष्ट्रको रुपमा संबोधन गरे संगै आम नागरिकले विगत दिनहरूमा भोग्नु परेका सामाजिक, राजनितिक, धार्मिक लगायतका असमानताको उत्पिडनबाट उन्मुक्ति पाई संविधानले सुनिश्चित गरेको मौलिक हकअधिकार उपभोग गरी विकासको लक्ष तर्फ अघि बढ्ने जनताले आसा लिएको थियो तर व्यवहारमा त्यस्तो हुन सकेन । राज्यले नै अल्पसंख्यक धार्मिक समुदायहरूलाई धर्म परिवर्तनको आरोप लगाई जेल हाल्ने, समाजमा पिछडा वर्ग साथै शिल्पी समुदायका नागरिकहरूलाई समाजमा जातिय भेदभाव गरी बलत्कार र हत्या गर्ने, देशमा भ्रष्टचार मौलाएर देश दिनदिनै गरीबीमा पार्ने, देशका युवा शक्ति परदेशमा निर्यात गर्ने जस्ता गतिविधिबाट कुनै पनि परिवर्तन नआएपछि फेरी पनि नागरिक आफ्नो मौलिक अधिकारको लागि समेत राज्यसँग भिख माग्नुपर्ने अवस्था सृजना भयो ।

उपस्थित महानुभावहरू !

देशको उराठ लाग्दो अवस्था देखेपछि अब यो देशले ईश्वरको डर भय मान्ने नेतृत्व पाए मात्र नागरिकलाई सबैखाले अधिकार प्रदान गरी समग्र देशको विकास गर्न सकिन्छ भन्ने दर्शनकोसाथ **<u>आध्यत्मिक भौतिकवादको जगमा टेकेर यो देशलाई आजको युरोप र अमेरिकाका नागरिकले उपभोग गरिरहेको अधिकार र सम्पन्नता नेपाली नागरिकलाई दिन सकिन्छ</u>** भन्ने निष्कर्षकासाथ म भरत गिरी को नेतृत्वमा २०७३ साल श्रावण २३ गते आमूल

परिवर्तन ख्रीष्टियन पार्टी स्थापना गरिएको थियो जुन विभिन्न परिस्थिति बाबजुत तात्कालिन आमूल परिवर्तन ख्रीष्टियन पार्टी, आमूल परिवर्तन मसिह पार्टी हुँदै पछिल्लो पटक एपी रिपब्लिकन पार्टीको रुपमा नामकरण भएको थियो । पार्टी स्थापना कालदेखि नै विभिन्न मुद्दामा बहस, खबरदारी र सडक आन्दोलन समेत गरेको यहाँहरूलाई अवगत गराउन चाहन्छु । समाजमा जातिय तथा धार्मिक गतिविधि प्रतिकुल भए गरेका कृयाकलापको बिरुद्ध, देशको सिमा सुरक्षाको पक्षमा, भ्रष्टचार बिरुद्ध लगायतका मुद्दाहरूमा हामीले विभिन्न खबरदारी गरेका थियौं ।

मित्रहरू ! हामी सबैलाई अवगत भएकै कुरा हो कि हामी विभिन्न समूहमा आआफ्नै तरिकाले अगाडी बढीरहेका थियौं । धेरै लामो समयदेखि नै हामी समान विचार र दर्शन मिल्नेहरू विशेषतः स्वआस्थाका अगुवाहरूले नेतृत्व गरिरहेका राजनितिक दलहरूलाई एकै ठाउँमा खडा हुन आह्वनका साथ राजनितिक दलहरूलाई एकता गर्न समाज सेवि डा. सिमोन पाण्डे ज्यूको संयोजकत्वमा **“बृहत राजनैतिक एकता संयोजन समिति”** गठन गरी विभिन्न पार्टीहरू वीच एकताको निम्ति पहल एवं छलफल गर्ने कार्यलाई तिब्ररुपमा अगाडी बढायौं जसको फलस्वरुप श्री दलमर्दन कामी ज्यूको नेतृत्वमा रहेको संयुक्त नागरिक पार्टी वीच एकताको निम्ति सम्झौता भएको अवगत गराउँदछु । हामी आमूल परिवर्तन रिपब्लिकन पार्टी र संयुक्त नागरिक पार्टी यस कुरामा प्रतिबद्धता जाहेर गरेकाछौं कि जनआन्दोलनबाट प्राप्त नेपालको संविधान २०७२ को रक्षा गर्दै संविधानले निर्देश गरेको अधिकार सबैको पहिचान, अस्तित्व, समानता, संघीयता, धर्मनिरपेक्षता, पूर्णसमानुपातिकता, समावेशीता सबै प्रकारका विभेदरहित समृद्ध समाज र विकसित राष्ट्र निर्माण गर्न नेपाली समाजको विविधतामा आधारित सर्वजातीय सामाजिक लोकतन्त्र लगायतका मूल मर्म र मान्यतामा आधारित मुद्दालाई आत्मसात् गर्न **जनताद्वारा प्रत्यक्ष निर्वाचित देशको कार्यकारी प्रमुख राष्ट्रपतीको परिकल्पनाको साथ आध्यत्मिक भौतिकवादको जगमा टेकेर अगाडी बढ्नेछौं** । अहिले हामी आमूल परिवर्तन रिपब्लिकन पार्टी र संयुक्त नागरिक पार्टी बिच एकता गरेर **आमूल परिवर्तन नागरिक** पार्टीको नाममा पार्टी एकता साथै **अरू स्वआस्थाका अगुवाहरूद्वारा नैतृत्व गरेका पार्टीहरूलाई पनि एकताको बाटो खुल्ला राख्दै** हामी दुई आमूल परिवर्तन रिपब्लिकन पार्टी र संयुक्त नागरिक पार्टी बिच आज मिति २०८१ साल भदौ १० गते सोमवार ऐतिहासिक रूपमा पार्टी एकता घोषणा सभा कार्यक्रमको आयोजन गरिएको जानकारी गराउँदछु । यो एकता आम नागरिकको आवश्यकता, समुदायको चाहना तथा जटिल बन्दैगएको राष्ट्रिय राजनीतिक परिस्थितिको माग, देशको विकास, समृद्धि र प्रगतिका लागि नयाँ मार्गमा यात्रा गर्ने दृढ संकल्प र हाम्रो अटल प्रतिवद्धताको प्रतीक पनि हो । यस यात्रामा आगामी दिनहरूमा यहाँहरू सबैको साथ समर्थन र सहयोगको अपेक्षा पनि हामी गर्दछौं ।

**हामी दुई पार्टी निम्न राजनितिक शिद्धान्त साथै मुख्य एजेण्डाहरूको साथमा एक भएको समेत जानकारी गर्दछु ।**

**पार्टी मार्ग निर्देशक शिद्धान्त :-**

अध्यात्मिक भौतिकवादमा आधारित सर्वजातिय सामाजिक लोकतन्त्र हाम्रो पार्टीको सामाजिक विकास र निर्माणको शैद्धान्तिक आधार हुनेछ ।

अध्यात्मिक भौतिकवादमा आधारित सर्वजातिय सामाजिक लोकतान्त्रिक व्यवस्था निर्माणले मात्रै मुलुकमा सबै समस्याको समाधान गर्छ भन्ने हाम्रो बिश्लेशण हो कारण समाजको संतुलित विकासको निम्ति भौतिक विकास र अध्यात्मिक विकास हुनु अपिरिहार्य हुन्छ । जब समाज भौतिक उन्नति तिर मात्रै उन्मुख हुँदा नास्तिक तथा छाडापन तिर अग्रसर हुन्छ भने अध्यात्मिक तिर मात्रै उन्मुख रहेमा समाज प्रगति विहिन तथा सन्यासी, फकिर मात्रै रहन्छ । समाजमा कुनै जाति, वर्ग वा धर्म कुनैपनि क्षेत्रमा असमानता रहेमा त्यहाँ सअस्तित्व सहित समान अधिकारको निम्ति द्वन्दको सृजना हुनेगर्दछ तसर्थ समाजको रुपान्तरण र विकासको निम्ति एक संतुलित विकासको साथ समृद्ध समाज वा राष्ट्र निर्माणको निम्ति अध्यात्मिक भौतिकवादमा आधारित सर्वजातिय सामाजिक लोकतन्त्र आवस्यक पर्दछ । अध्यात्मिक भौतिकवादमा आधारित सर्वजातिय सामाजिक लोकतान्त्र दुवैको संयोगबाट हाम्रो देशको विविधता लाई बिभेद रहित समावेशी र सशक्त समाज निर्माण गर्नका लागि अत्यन्तै महत्त्वपूर्ण कुरा राख्द छ ।

**हाम्रो मुख्य एजेण्डाहरूः**

१। औद्योगिक क्रान्ति नै आर्थिक समृद्धिको एकमात्र विकल्प भएकोले देशमा औद्योगिक क्रान्ति शुरु गर्नेछौं।
२। नेपालको भारतसंग गरेको असमान शन्धि खारेज गरी नेपालले गुमाएको भुमि फिर्ता गर्न आवश्यक कदम चाल्ने साथै नेपालको हित बिपरित गरेका बिभिन्न सम्झौताहरु खारेज गर्ने।
३। सिमा क्षेत्रमा रहेका जनतालाई छिमेकीबाट दिदैं गरेको पीडाबाट मुक्त गर्न सिमानामा तारबार तथा पर्खाल निर्माणको काम फत्ते गर्ने ।
४। तराई क्षेत्रमा हुने शीतलहरको शिकार तथा डुबानबाट जोगाउन साथै पहाडी भेगमा बर्षेनी हुने पैरोबाट जोगाउने नीति अबलम्बन गर्ने ।
५। गरिबी उन्मुलन कार्यक्रम गरिवीको रेखामुनी परेकालाई राज्यले पालनपोषण गर्ने, तथा विदेश गएकाहरुलाई देश फरक र देश निर्माण अभियान चलाउने ।
६। सार्वजनिक पद दुरुपयोग गरी कमाएका सम्पूर्ण अकूत सम्पति राष्ट्रियकरण गरिने ।
७। नागरिकता बिहिन नागरिकहरुलाई नागरिकता प्रदान गर्ने ताकी नागरिक भएर पनि नागरिकता नपाउने नीति पुर्णरुपमा अन्त्य गरी उमेर पुगेका कुनैपनि नागरिक नागरिकता बिहिन नहुने ।
८। नेपाल बन्द, हडताल तथा तोडफोडको आन्दोलन पुर्णरुपमा रोकी आन्दोलनको मापदण्डको व्यवस्था ल्याई कडाईका साथ लागु गर्ने ।
९। इन्टरनेट राज्यले देशै भरि निशुल्क गर्ने ताकी कोहीपनि संचार बिहिन वा संचारको निम्ति खर्च गर्न नपरोस ।
१०।देशै भरि सबैको निम्ति निशुल्क स्वास्थ्य परिक्षण तथा उपचारको व्यवस्था गर्ने ।
११।देशमा हत्या हिंसा पूर्णरुपमा रोक्न सबै निशस्त्रिकरण अभियान चलाउने ।
१२।सबै अल्प संख्याक धार्मिक समुदायहरुको आयोग निर्माण गर्ने तथा सामाजिक कुप्रथा उन्मुलन आयोग गठन गर्ने।
१३।सबै अल्प संख्याक जाती तथा सीमान्तकृतहरुको उत्थान र विकास निर्माण सम्बन्धि आयोग गठन गरि सबैको समान विकास गर्ने ।
१४।देशमा नयाँ कानुन निर्माण गरी भ्रष्टाचार, घुसपैठ, हत्या, बलात्कार, मानब बेचबिखन तथा देशको राष्ट्रिय अखण्डता वा सार्वभौम प्रतिकुल क्रियाकलापलाई सर्वस्व सहित जन्म कैदको व्यवस्था गरिने।
१५।पंचायतकाल देखि सार्वजनिक पदमा रही कमाएका कालोधन राष्ट्रियकरण गर्ने।

१६।कुनैपनि राजनीतिक नेता तथा सार्वजनिक पदमा रहेकाहरुलाई स्वास्थ्य परिक्षण गर्न, छोराछोरी विदेश पढाउन साथै बिदेशी बैंकमा रकम जम्मा गर्न पुर्णरुपमा बन्द गर्ने।

१७।देश बिकासमा सेना तथा आवश्यक संख्यामा जनशक्ति खडा गरि राष्ट्र निर्माण गरिने तथा गलत मुद्दामा फसाई लामो जेल जीवन व्यतित गरिरहेकाहरुलाई छानबिन गरि जेल मुक्त गरिने साथै लामोसमयसम्मको लागि थुनामा परेकाहरुलाई देश निर्माणमा लगाउने ताकी थुनिएर समय बिताउनुपर्ने बाध्यतालाई अन्त गरी राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिलाउने।

१८। गरिबीको रेखामुनी परेकाहरुलाई राज्यलेनै गाँस र कपासको साथै छोराछोरीलाई राज्यलेनै पढाउने व्यवस्था गर्ने।

| | |
|---|---|
| भरत गिरी | दलमर्दन कामी |
| (अध्यक्ष) | (अध्यक्ष) |
| आमूल परिवर्तन रिपब्लिकन पार्टी | संयुक्त नागरिक पार्टी |